मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १३४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १९ गते बिहीबार (Thursday, 2 April. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सामाजिक सञ्जालमा महिलाको चरित्र हत्या गर्दा...

**काठमाडौं, चैत १८।** सामाजिक सञ्जालमा महिलाको चरित्र हत्या गरेको अभियोगमा काठमाडौं महानगरपालिका-३१ शान्तिनगर बस्ने रामेछाप मन्थली नगरपालिका-१२ घर भएका ३५ वर्षीया भगवती खड्कालाई प्रहरीले पक्राउ गरेको छ।

सामाजिक सञ्जालमा कमेन्ट गरी सार्वजनिक रूपमा बेइज्जत गराई, घृणा, द्वेष फैलाई चरित्र हत्या गरेको भन्ने पीडितको उजुरीको आधारमा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीलाई

(बाँकी अन्तिम पृष्ठमा)

# कुवेतबाट एकैपटक ३००भन्दा बढी नेपाली डिपोर्ट

■ ९ जनाको शव पनि स्वदेश फर्काइयो

■ कम्बोडियाबाट एक महिनामा १२७ नेपालीको उद्धार

**योगेन्द्र योगी**

**काठमाडौं, चैत १८।** कुवेतबाट एकैपटक ३०० भन्दा बढी नेपालीलाई देश निकाला (डिपोर्ट) गरिएको छ। कुवेतको आन्तरिक मामिला मन्त्रालय र नेपाली दूतावासको समन्वयमा नियम उल्लंघन गरेका नेपालीहरूलाई बुधबार स्वदेश फर्काइएको हो।

प्राप्त जानकारी अनुसार, कुवेतमा विभिन्न प्रकारका कानूनी तथा प्रशासनिक नियम उल्लङ्घन गरेका नेपाली नागरिकहरूलाई कुवेत सरकारले यति ठूलो संख्यामा एकैपटक डिपोर्ट गरेको हो। ती सबैलाई कुवेत एयरवेजमार्फत कुवेत अन्तर्राष्ट्रिय विमानस्थलबाट भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थलतर्फ पठाइएको छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) कुवेतका अनुसार सोही बिमानमार्फत विभिन्न कारणले कुवेतमा निधन भएका ९ जना नेपाली नागरिकको शव समेत नेपाल पठाइएको छ। यस घटनाले बिदेशमा रहेका नेपालीहरूको अवस्था र सुरक्षाको विषयमा पुनः गम्भीर प्रश्न उठाएको छ।

उक्त विशेष उडान बुधबारसाँझ करिब ६ बजे भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भएको जनाइएको




छ। कुवेतको आन्तरिक मामिला मन्त्रालयको निर्देशनमा डिपोर्ट गरिएका नेपालीहरूलाई स्वदेश फर्काउनका लागि विशेष व्यवस्था गरिएको थियो। त्यसैगरी, सो दिन कुवेत अन्तर्राष्ट्रिय विमानस्थल अन्य यात्रुहरूको लागि पूर्ण रूपमा बन्द गरिएको बताइएको छ। केवल डिपोर्टीहरूलाई फर्काउनकै लागि उक्त उडान सञ्चालन गरिएको थियो।

वैदेशिक रोजगारीका लागि कुवेत पुगेका नेपालीहरू विभिन्न कारणले गैरकानूनी अवस्थामा बस्न बाध्य हुने, काम परिवर्तन गर्ने, भिसा अवधि नवीकरण नगर्ने लगायतका कारणले यस्ता समस्या आउने गरेको देखिन्छ।

यस घटनाले वैदेशिक रोजगारीमा जाने नेपालीहरूले सम्बन्धित देशको कानून पालना गर्नुपर्ने आवश्यकतालाई थप स्पष्ट पारेको छ। सरकार तथा सम्बन्धित निकायहरूले यस्ता घटनाको पुनरावृत्ति रोक्न र वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सुरक्षा सुनिश्चित गर्न प्रभावकारी कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ।

यसैबीच पछिल्लो एक महिनामा कम्बोडियाबाट मात्रै १२७ नेपालीको उद्धार गरिएको छ।

प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका एसएसपी कृष्ण पंगेनीका अनुसार सो अवधिमा विभिन्न माध्यमबाट अलपत्र परेका १२७ जनालाई उद्धार गरिएको हो।

उनका अनुसार बुधबार मात्रै थप ८ जनालाई उद्धार गरी काठमाडौं ल्याइएको छ। कम्बोडियामा लगेर अलपत्र पारेको आरोपमा एक जनालाई पक्राउ गरी हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। पछिल्लो एक महिनाका घटनासम्बन्धी ८ वटा मुद्दा दायर भइसकेका छन्। पीडितहरूलाई कन्भिन्स गरेर उजुरी लिनेसम्बन्धी प्रक्रिया पनि अगाडि बढाइएको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार आकर्षक रोजगारीको प्रलोभन देखाएर नेपाली युवायुवतीलाई कम्बोडिया लैजाने र त्यहाँ पुगेपछि साइबर ठगीमा संलग्न गराउने प्रवृत्ति बढ्दै गएको छ। 'केहीलाई सेक्युरिटी गार्डको काम भनिएको छ भने अधिकांशलाई कम्प्युटरसम्बन्धी कामको आश्वासन दिइएको

(बाँकी अन्तिम पृष्ठमा)

# विचौलियाको विगविगी

## पक्राउ गर्न प्रहरीको एक्सन

**विराटनगर, चैत १८।** सुनसरीका विभिन्न सरकारी कार्यालयहरूबाट १२ जनाभन्दा बढी बिचौलियालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार, यातायात, मालपोत तथा जिल्ला प्रशासन कार्यालय आसपासमा बिचौलियाको भूमिकामा रहेका उनीहरूलाई नियन्त्रणमा लिइएको हो।

सार्वजनिक सेवा प्रवाहमा सर्वसाधारणलाई हैरानी दिएको सूचनाका आधारमा इलाका प्रहरी कार्यालय इटहरीले पाँच जनालाई यातायात कार्यालयबाट पक्राउ गरेको छ। नागरिकलाई रकम माग्ने तथा सेवा प्रवाहमा अवरोध गर्ने पाँच जनालाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय इटहरीका डिएसपी सुवास हमालले जानकारी दिए। उनीहरूलाई अहिले इलाका प्रहरी कार्यालय इटहरीमा राखेर अनुसन्धान गरिरहेको छ। उनीहरूको विस्तृत विवरण भने प्रहरीले सार्वजनिक गरेको छैन।

त्यस्तै सर्वसाधारणको धेरै भीडभाड हुने मालपोत, नापी तथा जिल्ला प्रशासन कार्यालयहरूबाट समेत छ जनाभन्दा बढी बिचौलिया पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी चन्द्र खड्काले जानकारी दिए। उनीहरूलाई अहिले नियन्त्रणमा लिएर उनीहरूको यकिन गर्ने काम भइरहेकोले प्रहरीले उनीहरूको यकिन संख्या र विवरण खुलाएको छैन।

पछिल्लो समय मालपोत, नापी, यातायात लगायतका कार्यालयहरूमा बिचौलियाले सर्वसाधारणलाई दुख दिने गरेको आरोप लाग्दै आएको छ। पक्राउ परेका व्यक्तिहरुको बारेमा बिस्तृत तथ्यांक आउन बाँकी छ।

यसैबीच मध्यपुरथिमी नगरपालिका-५ राधेराधेस्थित यातायात व्यवस्था कार्यालय राधेराधेमा आएका सेवाग्राहीहरूलाई सार्वजनिक सेवा प्रवाहमा प्रभावित पारेर अनावश्यक दुःख हैरानी दिने कार्यमा संलग्न रहेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा भक्तपुर राधेराधे बस्ने सिन्धुपाल्चोक जुगल गाउँपालिका-६ घर भएकी २९ वर्षीया यमकुमारी श्रेष्ठ र चितवन कालिका नगरपालिका-६ घर भएका ३० वर्षीय सुनिल थापा रहेका छन्। प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको छ।

## घुस लिँदालिँदै प्रहरी पक्राउ

**झापा, चैत १८।** प्रहरी वृत्त मालीगाउँमा कार्यरत प्रहरी नायब निरीक्षक दीनेश राउतलाई सेवाग्राहीसँग रु. २० हजार घुस लिँदालिँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको छ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, बैंकिङ कसुर सम्बन्धी मुद्दामा जाहेरवालाको रकम फिर्ता दिलाइदिन सहजीकरण गर्ने र मुद्दा मिलापत्र गर्ने प्रयोजनका लागि राउतले सेवाग्राहीसँग घुस लिँदै थिए।

पक्राउको क्रममा घुसबापतको रकम र मोबाइल एक थानसहित उनलाई काठमाडौं महानगरपालिका वडा नं ५, गहनापोखरीबाट नियन्त्रणमा लिइएको हो।

## बादल एमाले कार्यवाहक अध्यक्ष



**काठमाडौं, चैत १८।** नेकपा एमालेको कर्यवाहक अध्यक्षको जिम्मेवारी रामबहादुर थापा 'बादल' लाई दिइएको छ।

बुधवार च्यासलमा पार्टी पदाधिकारीसहित संसदीय दलको संयुक्त बैठकमा अध्यक्ष ओलीबाट बादललाई जिम्मेवारी तोकेको जानकारी गराइएको सांसद ऐन महरले जानकारी दिए। ओली हिरासतमुक्त नभएसम्मका लागि बादल कार्यवाहक रहने उनले सुनाए।

अध्यक्ष केपी शर्मा ओली भदौ २३ गतेको जेन-जी आन्दोलनमा जिम्मेवार रहेको ठहर गर्दै गौरीबहादुर कार्की आयोगको प्रतिवेदनका आधारमा ज्यानसम्बन्धी कसुरमा थुनामा छन्।

# कांग्रेसः ५०७ जनाविरुद्ध उजुरी

**काठमाडौं, चैत १८।** नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिमा ५०७ जनाविरुद्ध उजुरी परेको छ।

कांग्रेस केन्द्रीय अनुशासन समितिका संयोजक तारामान गुरुङको संयोजकत्वमा बुधवार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अनुशासन उल्लंघन गर्ने पाँच सय सात जनाबिरुद्ध अध्ययन गरी चाँडो टुङ्गोमा पुऱ्याउने निर्णय गरेको छ।

बैठकमा निर्वाचनमा स्वतन्त्र उम्मेदवार भएका र प्रस्तावक समर्थक बसेका, निर्वाचनमा पार्टीका उम्मेदवारबिरुद्ध प्रचारप्रसारमा प्रत्यक्ष सहभागी भएका, पार्टी उम्मेदवारका बिरुद्ध अप्रत्यक्ष रूपमा विपक्षीलाई टेवा पुऱ्याएका, निर्वाचनमा कांग्रेसलाई मत नमागी 'साइलेन्स किलिङ'को काम गरेका र कांग्रेसबाट जनप्रतिनिधि निर्वाचित भई प्रतिनिधिसभाको निर्वाचनमा विपक्षीलाई सहयोग गरेका विरुद्ध छलफल भएको थियो।

बैठकले छानविनबाट वर्गीकरण गरिएका उजुरीको हकमा अनुशासन उल्लंघन गरेको भनी आरोप लागेका व्यक्तिबाट सात दिनभित्र स्पष्टीकरण (सफाइ) माग गर्ने निर्णय गरेको समितिका सचिव दिनेश थापामगरले जानकारी दिए।

यसैगरी, विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी अनधिकृत वक्तव्य जारी गर्ने कार्य गलत भएकाले सचेत गराएको छ।

आगामी दिनमा यस्ता गलत काम गर्ने जोकोही व्यक्तिउपर नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) र प्रचलित

(बाँकी अन्तिम पृष्ठमा)

# तलब नपाएपछि काम ठप्प

**संखुवासभा, चैत १८।** संखुवासभामा निर्माणधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको विद्युत् गृहका मजदुरले तलब नपाएपछि काम ठप्प पारेका छन्। छ महिनादेखि तलबभत्ता नपाएपछि एक हजार ५०० कामदारले काम ठप्प परेका हुन्।

आयोजनाको विद्युत्गृह चिचिला गाउँपालिका-२ पुखुवामा कार्यरत मजदुर तथा पेटी ठेकेदारले काम ठप्प पारेर आन्दोलन शुरु गरेका हुन्। आन्दोलनका कारण आयोजनाको काम पूर्ण रूपमा प्रभावित भएको छ। यसको निर्माणको जिम्मा भारतीय कम्पनी पटेल इन्जिनियरिङले गरिरहेको छ। छ महिनादेखि तलब नपाएको भन्दै आजदेखि काम ठप्प पारिएको मजदुरहरू बताउँछन्।

निर्माण कम्पनीले समयमा तलब भुक्तानीका लागि चासो नदेखाएपछि असुन्तष्टि जनाउँदै मजदुर तथा पेटी ठेकेदारले काम रोकेका हुन्। प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले आयोजनाको विद्युत्गृहका मजदुरले समयमा तलब भुक्तानी माग गर्दै आन्दोलन सुरु गरेका जानकारी पाएको बताए। यसअघि पनि मजदुरले समयमा तलब भुक्तानीका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएपछि सम्बन्धित कम्पनीलाई जानकारी गराएको

(बाँकी अन्तिम पृष्ठमा)

# इष्टर्न साहारा आईपीओको पाइपलाइनमा

**बिर्तामोड, चैत १८।** झापाको बिर्तामोडमा मुख्य कार्यालय रहेको इष्टर्न साहारा कम्पनी लिमिटेड नेपाल धितोपत्र बोर्ड (सेबोन) मा प्राथमिक सेयर (आईपीओ) निष्काशनको पाइपलाइनमा परेको छ। सेबोनले आईपीओ स्वीकृतिका लागि इष्टर्न साहारा कम्पनीलाई मंगलबारबाट पाइपलाइनमा राखेको हो।

इन्भेष्टमेन्ट सेक्टरबाट आईपीओ स्वीकृतिका लागि सेबोनको पाइपलाइनको पाँचौं नम्बरमा रहेको छ इष्टर्न साहारा कम्पनी लिमिटेड। सर्वसाधारणका लागि २७ लाख ५० हजार कित्ता प्राथमिक सेयर निष्काशन गर्न लागेको इष्टर्न साहारा कम्पनी लिमिटेडको विक्री प्रबन्धकमा ग्लोबल आईएमई क्यापिटल रहेको छ।

'दीगो लगानीका लागि हरित लगानी' भन्ने नाराका साथ ०७९ मंसीर ११ गते स्थापना भएको इष्टर्न साहारा कम्पनीले हरित लगानीमार्फत दीगो समृद्धि सिर्जना गर्दै नेपालकै अग्रणी इन्भेष्टमेन्ट कम्पनी बन्ने परिकल्पनाका साथ अघि बढेको अध्यक्ष महेन्द्रकुमार गिरीले बताए। अध्यक्ष गिरीका अनुसार कम्पनीको ऋण




महेन्द्रकुमार गिरीः अध्यक्ष

शून्य रहेको छ भने न्यून सञ्चालन खर्चका कारण लाभांश र ब्याज आम्दानीबाटै कर्मचारी र प्रशासनिक खर्च धानिरहेको छ।

कम्पनीले छरिएर रहेको स-सानो पुँजीलाई एकीकृत रुपमा परिचालन गर्दै मुख्य रुपमा ग्रीन फाइनान्सिङलाई प्रोत्साहन, प्रवर्द्धन गर्ने र कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने परियोजनाहरुमा लगानी गर्ने उद्देश्य राखेको छ। सबैलाई उद्यमशीलतासँग जोड्ने लक्ष्यका साथ कम्पनीले जलविद्युत, सौर्य, ऊर्जा, पर्यटन, कृषि, प्रविधि, सेवा, पूर्वाधारलगायतका क्षेत्रहरुमा लगानी गर्दै आएको गिरीले बताए।

कम्पनीका परिकल्पनाकार समेत रहेका अध्यक्ष गिरीले कम्पनीले स्थापनाको तेस्रो बर्षमै सवैको मन जित्न सफल हुँदै राम्रो प्रगति गरेको बताउँदै आइपीओको लागि सेबोनको पाइपलाइनमा परेकोमा खुशी व्यक्त गरे।

गतपुस २७ गते कम्पनीले तेस्रो वार्षिक साधारणसभा सम्पन्न गरेको थियो। प्रतिवेदन अनुसार कम्पनीको अधिकृत पुँजी १५० करोड, जारी पुँजी १३७ करोड ५० लाख, चुक्ता पुँजी ११० करोड र सञ्चित मुनाफा ३ करोड ९१ लाख ७ हजार ६ सय ३६ रहेको छ।

(बाँकी अन्तिम पृष्ठमा)

## नौ लाख ठगीको अभियोगमा दुई जना पक्राउ

**काठमाडौँ, चैत १८।** हिरासतमा रहेका मानिसलाई धरौटीमा छुटाइदिने भन्दै रु. नौ लाख ठगी गरेको अभियोगमा जिल्ला प्रहरी परिसर काठमाडौंले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं बूढानीलकण्ठ नगरपालिका मण्डिखाटारस्थित हलेसी महादेव मार्गभित्र बस्ने ४५ वर्षीय हरिबहादुर थापामगर तथा सोही ठाउँकी ३७ वर्षीया मिठु मगर भन्ने अनिता थापामगर रहेका जिल्ला प्रहरी परिसरका प्रवक्ता एवम् प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए।

उनले भने- गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा आपराधिक क्रियाकलापमा संलग्न रही हाल कारागार कार्यालय सुन्धारामा पुर्पक्षका लागि थुनामा रहेका तीन जना प्रतिवादीलाई थुनामा रहँदाका बखत निज हरिबहादुर थापामगरले सर्वोच्च अदालतमा आफ्नो चिनजानको न्यायाधीशलाई भनसुन गरी निजहरूलाई धरौटीमा छुटाइदिन्छु, धरौटीबापतको रकम दिनुपर्छ भनी आश्वासन दिई धरौटीबापतको रकम र वकिललाई बहस खर्च भनी निजको श्रीमती मिठु मगर (अनिता थापामगर)को खातामा रु. नौ लाख जम्मा गर्न लगाई ठगी गरेको अभियोगमा पक्राउ गरिएको हो। निजहरु दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले बताए।

**बिर्तामोडको कर्मशियल भवन बिक्रीमा**



**झापाको बिर्तामोड-१ स्थित पश्चिम बस स्टेण्डमा होटल, हस्पिटल, कलेज, मार्ट, पार्टी प्यालेस लगायत सञ्चालन गर्नका लागि उपयुक्त १ कठ्ठा १० धुर जग्गामा बनेको तीन तले कर्मशियल भवन बिक्रीमा रहेको छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।**

**सम्पर्क : ९७०७११९५५७ Whatsapp: ९८५२६७२५९६**

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

सीमापार संस्कृति, सम्पदा र पर्यटनको उत्सव

# बिर्तामोडमा कोशी–बंगाल महोत्सव




**झापा, चैत १८।** नेपाल-भारत सीमावर्ती क्षेत्रबीच सांस्कृतिक सहकार्य, पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधि विस्तार गर्ने उद्देश्यले झापाको बिर्तामोडमा 'कोशी-बंगाल सांस्कृतिक तथा पर्यटन उत्सव-२०८२' आयोजना हुने भएको छ।

'सीमापार संस्कृति, सम्पदा र पर्यटनको उत्सव' भन्ने मूल नाराका साथ चैत २४ र २५ गते सञ्चालन हुने उक्त महोत्सवले कोशी प्रदेश र भारतको बंगाल क्षेत्रबीचको सम्बन्धलाई नयाँ उचाइ दिने अपेक्षा गरिएको छ। पर्यटन कार्यालय काँकरभिट्टाको प्रवर्द्धनमा आयोजना हुन लागेको उत्सव निजी क्षेत्रको सक्रियतामा सञ्चालन गरिनेछ।

होटल व्यवसायी संघ झापाकी अध्यक्ष तथा आयोजक समितिकी अध्यक्ष इन्दिरा श्रेष्ठका अनुसार सीमापार पर्यटन प्रवर्द्धनसँगै स्थानीय व्यवसायलाई चलायमान बनाउने उद्देश्यले कार्यक्रम गर्न लागिएको हो।

कोशी प्रदेशलाई बंगालसँग पर्यटन र संस्कृतिका माध्यमबाट जोड्ने प्रयास स्वरूप यो उत्सव आयोजना गरिएको हो- श्रेष्ठले भनिन्- यसले दुवै क्षेत्रका व्यवसायी, कलाकार र पर्यटकबीच सहकार्यको नयाँ ढोका खोल्ने विश्वास लिएका छौं। उत्सवमा नेपालका १८ वटा र बंगालका १२ वटा स्टल रहने पर्यटन कार्यालय झापाका प्रमुख छविलाल खतिवडाले जानकारी दिए। उनका अनुसार ती स्टलमा स्थानीय परिकार, हस्तकला सामग्री, पर्यटनसम्बन्धी जानकारी तथा सेवा प्रस्तुत गरिनेछ।

उत्सव अवधिभर फोटो तथा चित्रकला प्रदर्शनी, लोक तथा सांस्कृतिक नृत्य, संगीत प्रस्तुति लगायत विविध कार्यक्रम समावेश गरिने आयोजकले जनाएको छ। यसले स्थानीय कला र पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ। महोत्सवमा टुर तथा ट्राभल व्यवसायी, होटल तथा होमस्टे सञ्चालकहरूको उल्लेख्य सहभागिता रहनेछ। उनीहरूले आफ्ना सेवा, प्याकेज र गन्तव्यहरूको प्रत्यक्ष प्रचार-प्रसार गर्ने अवसर पाउनेछन्। विशेषगरी पूर्वी नेपालका पर्यटकीय गन्तव्यहरूलाई भारतीय पर्यटकसमक्ष प्रवर्द्धन गर्ने र बंगाल क्षेत्रका पर्यटकीय सम्भावनालाई नेपाली बजारमा विस्तार गर्ने लक्ष्य लिइएको आयोजकको भनाइ छ।

आयोजकका अनुसार यस्तो किसिमको उत्सवले सीमावर्ती क्षेत्रमा पर्यटन आवागमन बढाउने, स्थानीय उत्पादनको बजारीकरणमा टेवा पुऱ्याउने तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास गरिएको छ। दुई देशबीचको खुला सीमा र सांस्कृतिक समानतालाई उपयोग गर्दै दीर्घकालीन पर्यटन सहकार्यको आधार तयार पार्ने लक्ष्यसहित यो कार्यक्रम आयोजना गर्न लागिएको आयोजकले जनाएको छ।

बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा पर्यटन अभियन्ता अर्जुन कार्की, महिला उद्यमी सुश्मा पौडेल, नाट्टा कोशी प्रदेश महासचिव नवीन खरेललगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण होमस्टे (घरवास) महासंघ नेपालका महासचिव मञ्जिल देवानले गरेका थिए।

## दानाबारी सामुदायिक सिकाइ केन्द्रको सभा

**इलाम, चैत १८।** माई नगरपालिका-४ स्थित दानाबारी सामुदायिक सिकाइ केन्द्रको १५औं वार्षिक साधारणसभा बुधबार सम्पन्न भएको छ।

वडा नम्बर-४ का वडाध्यक्ष हेमबहादुर लायो मगरको प्रमुख आतिथ्यमा सम्पन्न साधारणसभामा केन्द्रका अध्यक्ष विमल दाहालले सांगठनिक प्रतिवेदन तथा कोषाध्यक्ष दुर्गाराज शंकरले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि लायो मगरसहित वडासचिव पवित्रा थापा, समाजसेवी खड्गप्रसाद भट्टराईलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

अध्यक्ष दाहालको अध्यक्षता, परिचालक सीता भट्टराईको स्वागत तथा कोषाध्यक्ष दुर्गाराज शंकरको सञ्चालनमा सम्पन्न कार्यक्रममा वडा सदस्यहरू लेखमाया राई, कल्पना विश्वकर्मा, समाजसेवी हरिप्रसाद भट्टराई, शिक्षक खड्गप्रसाद दुलाल तथा लालीगुराँस महिला समूहकी अध्यक्ष गौरीमाया काफ्ले लगायतको उपस्थिति रहेको थियो।

साधारणसभाले आर्थिक वर्ष २०८१/०८२का लागि ३ लाख २४ हजार ५ सय रुपैयाँ बराबरको आय-व्यय पारित गरेको छ। साथै आगामी आर्थिक वर्ष २०८२/०८३का लागि ७ लाख २० हजार ६ सय रुपैयाँ बराबरको बजेट प्रस्ताव माई नगरपालिका समक्ष पेश गर्ने सभाले निर्णय गरेको छ।

## चट्याङबाट एक दशकमा हजार बढीको ज्यान गयो

**काठमाडौँ, चैत १८।** गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार नेपालमा विगत १२ वर्षमा चट्याङका घटनाबाट ठूलो जनधनको क्षति भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका वरिष्ठ हाइड्रोलोजिस्ट राजेन्द्र शर्माका अनुसार विसं २०७० वैशाख १ गतेदेखि विसं २०८२ फागुन मसान्तसम्मको अवधिमा देशभर तीन हजार ३८६ वटा चट्याङका घटना दर्ता भएका छन्। ती घटनामा कुल एक हजार ७३ जनाको ज्यान गएको छ। तीमध्ये ४६० पुरुष, ३०३ महिला र ३१२ जनाको पहिचान खुल्न सकेको छैन।

चट्याङबाट तीन ४०८ जना घाइते भएका छन्। तीमध्ये एक हजार ३१७ पुरुष, एक हजार ६३३ महिला छन्। चार हजार २९४ परिवार चट्याङका कारण प्रभावित बनेका केन्द्रले जनाएको छ। साथै एक सय चार घरमा पूर्ण र तीन सय ९० घरमा आंशिक रूपमा क्षति पुगेको छ।

पूर्वाधारतर्फ एक सय १४ गोठमा क्षति पुगेको छ भने चार हजार ८४९ वटा पशुचौपायामा क्षति पुगेको छ। केन्द्रका अनुसार चट्याङका घटनाबाट कुल रु ११ करोड ८२ लाख १८ हजार २६० बराबरको अनुमानित आर्थिक क्षति भएको वरिष्ठ हाइड्रोलोजिस्ट शर्माले जानकारी दिए।

वि.सं २०७० देखि २०८२ सम्मको अवधिमा मकवानपुरमा सबैभन्दा बढी १८२ वटा चट्याङका घटना दर्ता भएका छन्। उक्त जिल्लामा २१ पुरुष र २० महिला गरी ४१ जनाको मृत्यु भएको छ भने ७५ जना घाइते भएका छन्। साथै तीन सय परिवार प्रभावित भएका छन्।

झापामा एक सय १३ घटना, उदयपुरमा एक सय चार, दैलेखमा एक सय पाँच र मोरङमा ९५ वटा घटना दर्ता भएका छन्। मानवीय क्षतिको हिसाबले मकवानपुरमा सबैभन्दा बढी ७५, मोरङमा ४२ र उदयपुरमा ३९ जनाको मृत्यु भएको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ।

पूर्वी पहाडी जिल्लामा पनि चट्याङको प्रभाव उल्लेखनीय देखिएको केन्द्रको भनाइ छ। खोटाङमा ९२, संखुवासभामा ८६, र ओखलढुङ्गामा ७६ वटा घटना दर्ता भएका छन्। यसले यी क्षेत्रमा चट्याङको निरन्तर जोखिम देखाएको छ। मधेस प्रदेश अन्तर्गत सप्तरी, सिराहा, धनुषा, पर्सालगायत जिल्लामा दर्जनौंको मृत्यु भएको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको विवरणमा उल्लेख छ।

पश्चिम नेपालतर्फ रोल्पामा ९१, गुल्मीमा ७२, प्युठानमा ७२ र अछाममा ७३ वटा घटना दर्ता भइका छन्। आर्थिक क्षतिमा झापामा सबैभन्दा बढी करिब रु एक करोड सात लाखबराबरको क्षति भएको छ भने खोटाङ, उदयपुर र सङ्खुवासभामा पनि बढी नोक्सानी भएको छ।

यसैबीच, विज्ञहरूले मनसुन र प्रि-मनसुन अवधिमा चट्याङका घटना बढी हुने भएकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपाय अपनाउन आवश्यकमा जोड दिएका छन्।

**वार्षिक औसत ६७ जनाको मृत्यु**

वि.सं. २०७९देखि वि.सं. २०८१ सम्मको तथ्याङ्क विश्लेषण गर्दा चट्याङबाट वार्षिक औसत रूपमा ६७ जनाको मृत्यु हुने गरेको राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको तथ्याङ्कले देखिएको छ। गृह मन्त्रालयको तथ्याङ्क अनुसार विसं २०७७ मा दुई दुई ४८ वटा घटना हुँदा ७० जनाको मृत्यु र दुई सय ४८ जना घाइते भएका थिए। विसं २०७८ मा घटनाको संख्या दुई सय तीनमा झरेकामा ती घटनामा ५६ जनाको मृत्यु र एक सय ७९ जना घाइते भएका थिए।

## इरान युद्धका कारण विश्व अर्थतन्त्रमा अनिश्चितता

**काठमाडौं, चैत १८।** सन् २०२६ को शुरुमा वित्तीय बजारले सामान्य प्रदर्शन देखाइरहेको थियो। तर, इरानमा शुरु भएको युद्धले बजारलाई ठूलो अस्थिरता प्रदान गरेको छ। युद्धका कारण तेलको मूल्य तीव्र रूपमा बढेको छ भने पेट्रोलियम र डीजलको मूल्यमा पनि, अभूतपूर्व वृद्धि देखिएको छ।

'ब्रेन्ट क्रुड' तेलको मूल्य सन् २०२२को गर्मी यताकै पहिलो पटक एक ब्यारेलमा १०० डलरभन्दा माथि पुगेको छ। अमेरिकी बजारमा फेब्रुअरीको अन्त्यमा ग्यासको औसत मूल्य प्रतिग्यालन ३ डलरभन्दा कम थियो। तर युद्ध शुरु भएपछि देशभरि औसत मूल्य ४ डलरभन्दा माथि पुगेको छ। डीजलको मूल्य अझ बढी बढेर ५.४५ डलर प्रति ग्यालन पुगेको छ, जुन युद्धअघि ३.७६ डलर थियो। यसले अमेरिकी उपभोक्ताको दैनिक खर्चमा ठूलो वृद्धि गरेको छ।

वित्तीय बजारमा सबैभन्दा ठूलो असर तेल मूल्यको वृद्धि र अनिश्चितताले पारेको छ। लगानीकर्ताहरू युद्ध चाँडै सकिन्छ कि लामो समयसम्म चल्ने डरमा बारम्बार आशा र चिन्तामा फेरबदल भइरहेका छन्। यसले अमेरिकी शेयर बजारमा दिनभरी तीव्र उतारचढाव ल्याएको छ।

**शेयर बजारमा प्रभाव**

सन् २०२६ को सुरुमा अमेरिकी सेयर बजारले विगत तीन वर्षको निरन्तर बढ्दो प्रवृत्ति देखाएको थियो। तर, युद्धका कारण एसएण्डपी ५०० सूचकाङ्कले करिब ४.६ प्रतिशतको गिरावट देखायो, जुन २०२२ पछिको सबैभन्दा कमजोर त्रैमासिक प्रदर्शन हो। टेक्नोलोजी कम्पनीहरूले भरिएको 'नास्ड्याक कम्पोजिट सूचकाङ्क' अक्टोबरको उच्चतमस्तरबाट १० प्रतिशतभन्दा बढी घट्यो।

तेलसम्बन्धी कम्पनीका शेयरहरू सबैभन्दा राम्रो प्रदर्शन गरिरहेका छन्। यसमा मुख्य रूपमा एक्सन मोबिल, ओक्सिडेन्टल पेट्रोलियम र भ्यालेरो एनर्जीका शेयरहरू छन्। बजारले युद्ध चाँडो सकिने आशा र लामो खिचिने डरबीच उतारचढाव अनुभव गरिरहेको छ।

**अनिश्चितता र भविष्यको अवस्था**

भविष्यको स्थिति अनुमान गर्न गाह्रो छ। अमेरिकी राष्ट्रपति युद्ध अन्त्य गर्ने आशा व्यक्त गर्दै र इरानको ऊर्जा पूर्वाधारमा लक्षित धम्की दिँदैछन्। इरानी पक्षले वार्तामा प्रगति भएको दाबीलाई कम महत्व दिएको छ। इरानले होरमूज स्ट्रेटमा नियन्त्रण कायम राखेको छ, जसबाट विश्वको तेलको पाँचौं भाग निकास हुन्छ। जबसम्म यो स्थिति कायम रहन्छ, तेल र शेयर बजारमा उतारचढाव निरन्तर रहने विश्लेषकहरूले बताएका छन्।

विशेषज्ञहरूको भनाइ अनुसार युद्धले अमेरिकी र विश्व अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्ने सम्भावना छ। तेल र पेट्रोलियम उत्पादनमा अस्थिरता, मुद्रास्फीति, ब्याजदरमा उतारचढाव र शेयर बजारमा अनिश्चितता जारी रहन सक्नेछ।

## चन्द्र यात्राः आर्टेमिस–२ तयारीमा

**काठमाडौं, चैत १८।** झण्डै पाँच दशकपछि मानवलाई पुनः चन्द्रमातर्फ पठाउने तयारीमा रहेको नासाको आर्टेमिस-२ मिसनले अन्तरिक्ष अन्वेषणमा नयाँ अध्याय खोल्ने सङ्केत दिएको छ।

सन् १९७२ पछिको पहिलो मानवयुक्त चन्द्र उडानका रूपमा हेरिएको यस अभियानले प्रत्यक्ष अवतरण नगरे पनि भविष्यका चन्द्र अभियानका लागि महत्त्वपूर्ण आधार तयार गर्नेछ।

अपोलो कार्यक्रमको झल्को दिने यो मिसनमा चार अन्तरिक्ष यात्री चन्द्रमातर्फ प्रस्थान गर्नेछन्। उनीहरू चन्द्रमाको सतहमा अवतरण नगरी त्यसबाट हजारौं माइल टाढासम्म पुगेर फर्किनेछन्। करिब १० दिनभन्दा कम अवधिको यो 'फ्लाइबाइ' उडानले चन्द्रमाको परिक्रमा नगरी पृथ्वीमा सिधा फर्कने योजना समेटेको छ।

यस मिसनमा सहभागी अन्तरिक्ष यात्रीहरू रिड वाइजम्यान, भिक्टर ग्लोभर, क्रिस्टिना कोच र जेरेमी ह्यानसेन विविधता र अन्तर्राष्ट्रिय प्रतिनिधित्वका दृष्टिले विशेष मानिन्छन्।

कोचले महिला अन्तरिक्ष यात्रीमध्ये सबैभन्दा लामो एकल अन्तरिक्ष उडान (३२८ दिन) को कीर्तिमान बनाइकेका छन् र पहिलो सर्वमहिला स्पेसवाकमा पनि सहभागी भएकी थिइन्। ग्लोभर अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा बस्ने पहिलो अश्वेत अन्तरिक्ष यात्रीमध्ये एक हुन् भने क्यानाडाका ह्यानसेन पहिलोपटक अन्तरिक्ष यात्रामा निस्कँदै छिन्। वाइजम्यानले अनुभवी कमाण्डरका रूपमा टोलीको नेतृत्व गरिरहेकी छिन्।

मिसनका लागि प्रयोग गरिने स्पेस लन्च सिस्टम (एसएलएस) रकेट अपोलो युगको स्याटर्न-५ भन्दा छोटो भए पनि प्रक्षेपण शक्तिका हिसाबले अझ शक्तिशाली मानिन्छ। यसको शीर्षमा ओरियन क्याप्सुल रहनेछ, जसले अन्तरिक्ष यात्रीहरू बोकेको हुनेछ। तर प्रक्षेपणअघि केही प्राविधिक चुनौतीहरू पनि देखिएका छन्। हाइड्रोजन चुहावट र हिलियम प्रवाहसम्बन्धी समस्याले परीक्षणहरू प्रभावित पार्दै प्रक्षेपण समयतालिका केही पछि धकेलिएको छ।

उडानपछि पहिलो २५ घण्टा अन्तरिक्षयात्रीहरूले पृथ्वीको उच्च कक्षामा परिक्रमा गर्नेछन्। त्यसपछि उहाँहरूले भविष्यका चन्द्र अभियानका लागि आवश्यक डकिङ अभ्यास गर्नेछन्। सबै प्रक्रिया सफल भएमा ओरियनको मुख्य इन्जिनले यानलाई करिब तीन लाख ९३ हजार किलोमिटर टाढा चन्द्रमातर्फ पठाउनेछ। 'फ्रि-रिटर्न ट्राजेक्टोरी' प्रयोग गरिने यस उडानमा चन्द्र र पृथ्वीको गुरुत्वाकर्षणको सहायताले इन्धन बचत गरिनेछ।

उडानको छैटौं दिन यान पृथ्वीबाट सबैभन्दा टाढाको बिन्दुमा पुग्नेछ, जुन अपोलो-१३ को रेकर्डभन्दा पनि पर हुनेछ। चन्द्रमाबाट करिब आठ हजार किलोमिटर टाढा पुग्दा अन्तरिक्ष यात्रीहरूले चन्द्रमाको टाढाको भाग नजिकबाट अवलोकन गर्नेछन्। यो क्षेत्र मानव आँखाले प्रत्यक्ष हेर्न पाएको अत्यन्तै दुर्लभ अवसर हुनेछ। टोलीले यस क्रममा व्यापक तस्बिरहरू खिच्ने तयारी गरेको छ, जसका लागि अत्याधुनिक क्यामेरा र स्मार्टफोनहरू पनि साथमा लगिनेछन्।

नासाका खगोलविद् केल्सी यङले चन्द्रमालाई 'विश्वलाई जोड्ने साझा वस्तु' भन्दै यस मिसनले मानिसहरूलाई अझ नजिक ल्याउने विश्वास व्यक्त गरे। विशेष गरी चन्द्रमाको टाढाको भागबारे प्रत्यक्ष अवलोकनले वैज्ञानिक अनुसन्धानमा नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ।

मिसनको अन्त्य अपोलो कार्यक्रमजस्तै प्रशान्त महासागरमा स्प्ल्यासडाउनमार्फत हुनेछ। पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गर्दा ओरियन क्याप्सुलको तातो ढाल सबैभन्दा महत्वपूर्ण पक्ष हुनेछ, जसले सन् २०२२ को परीक्षण उडानमा कडा परीक्षा सामना गरेको थियो। यसपटक भने अवतरण प्रक्रियालाई छोट्याएर तापीय जोखिम घटाउने योजना बनाइएको छ।

## तलब ...

उनले जानकारी दिए। नौ सय मेगावाटको उक्त आयोजना भारतीय सतलज कम्पनीले निर्माण गरिरहेको छ। आयोजनाको ड्याम फ्याक्सिदा र विद्युत्गृह पुखुवा क्षेत्रमा कार्यरत तीन हजारभन्दा बढी भारतीय र नेपाली कामदारले काम गरिरहेका छन्।

## सामाजिक ...

काठमाडौंबाट पक्राउ गरेको हो। उनीलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ अन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट ४ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## कुवेतबाट ...

हुन्छ। तर, त्यहाँ पुगेपछि साइबर स्क्याममा प्रयोग गर्ने गरिएको पाइन्छ'- एसएसपी पंगेनीले भने।

पछिल्लो समय थाइल्याण्ड, म्यानमार र कम्बोडियाजस्ता देशमा नेपाली युवायुवतीलाई लैजाने र पहुँच बाहिरका क्याम्पमा राखेर 'साइबर दास'का रूपमा काम लगाउने प्रवृत्ति देखिएको प्रहरीले जनाएको छ।

## कांग्रेस ...

नेपाल कानून बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने निर्णयसमेत बैठकले गरेको छ।

बैठकले प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा पार्टीका सदस्यले अनुशासन उल्लंघन गरेका भए सोको उजुरी २०८२ चैत मसान्तभित्र नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिमा पठाउन निर्देशन गरेको छ। उक्त समयपछि आएका उजुरीउपर कुनै कारबाही नगर्ने समेत समितिले जनाएको छ।

## इष्टर्न ...

प्रतिशेयर आम्दानी २५५ रुपैयाँ ३८ पैसा र प्रतिशेयर नेटवर्थ १०२ रुपैयाँ ८१ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ। इष्टर्न साहारा कम्पनी आईपीओका लागि सेबोनको पाइपलाइनमा परेपछि यसका लगानीकर्ता शेयरधनीहरु उत्साहित भएका छन्।

नवीकरणीय ऊर्जा, कृषि, पर्यटन, सूचना प्रविधि तथा जलवायु अनुकूलनका क्षेत्रमा जिम्मेवार लगानी गर्नु कम्पनीको ध्येय रहेको प्रष्ट पारिएको छ। त्यस्तै सानो-सानो पुँजीलाई संस्थागत रुपमा परिचालन गर्दै हजारौं नेपालीलाई उद्यमशिलतासँग जोड्ने, आर्थिक प्रतिफल, वातावरणीय संरक्षण र सामाजिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्ने कम्पनीको ध्येय रहेको बताइएको छ। पारदर्शी, प्रविधिमैत्री र सुशासनयुक्त व्यवस्थापन प्रणाली विकास गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ग्रीन फाइनान्सिङ नेटवर्कसँग सहकार्य गर्दै दीर्घकालीन मूल्य सिर्जना गर्ने समेत कम्पनीले ध्येय राखेको छ।

उक्त कम्पनीले बूढीगण्डकी जल विद्युत् आयोजना, माथिल्लो तमोर जलबिद्युत् आयोजना, सुपर आँखु खोला जल विद्युत् आयोजना, इसुवा खोला जल विद्युत् आयोजना, बलेफी-ए जलविद्युत् आयोजना, एनसी एग्रो टेक इण्ड्रष्ट्रिज लिमिटेड, झापा इनर्जी लिमिटेड, जनता एग्रो एण्ड फरेष्ट्र लिमिटेड, बिजनेश इन्टरष्ट ग्रुप अफ इण्ड्रष्ट्रिज लिमिटेड, जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, म्याग्दी हाइड्रोपावर आयोजना, ग्रीन गोर्खा हाइड्रोपावर आयोजना लगायतका आयोजनामा लगानी गरेको छ।

### अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा कोशी प्रदेश, नेपाल

**संँधियारका नाममा जारी गरिएको सात दिने सूचना**

अर्जुनधारा नगरपालिका वडा नं. ०६ विनोद राउतको नाममा दर्ता रहेको तपशिल बमोजिमको जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा नक्सा घर नक्सा पेश गर्नु भएकोमा तपाई संधियारको उपस्थिति नरहेकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१को उपदफा क प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिदिनुहुन अनुरोध छ।

तपशिल
१. पूर्व तर्फ :– श्री घरगाउँ क्लिनिक २. पश्चिम तर्फ :– श्री ओमप्रसाद विश्वकर्मा
३. उत्तर तर्फ :– श्री गंगा बस्नेत ४. दक्षिण तर्फ :– बाटो


| जग्गा रहेको स्थान | कित्ता नं. | क्षेत्रफल | सर्जमिन मिति | प्रकाशित मिति |
|---|---|---|---|---|
| अर्जुनधारा–०६ | ७४०४ | ०–०–७.५ | २०८२।१२।१८ | २०८२।१२।१९ |

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड–५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३–५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

**भिटा बिक्रीमा**

बिर्तामोड नगरपालिका–१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर र ९.५ धुर भिटा अर्जेन्ट परेर तु–विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।

मो. ९८०७९२२३०१

'कर्मशिल सदस्यको हात नवोदयको वित्तिय साथ' पान नं ३०१३६७६७९ दर्ता नं ३/१/७ (१२१)०५४/५५
### नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.
NAVODAYA MULTIPURPOSE CO-OPS LTD.
कमल गाउँपालिका -३, केर्खा, झापा

आर्थिक प्रशासन नीति तथा आन्तरिक कार्यविधि 'तेस्रो संशोधन २०८२' परिच्छेद–५को नियम ११ बमोजिम

**निर्माण कम्पनी तथा व्यवसायी आवश्यकता सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मितिः २०८२।१२।१९**

यस संस्थाद्वारा निम्न विवरण अनुसार Banquet Hall निर्माण गर्न लागिएको हुँदा सो कार्यका लागि योग्य, अनुभवी तथा नेपाल सरकारबाट दर्ता प्रमाण–पत्र प्राप्त निर्माण कम्पनी तथा व्यवसायीहरूबाट निर्माण कम्पनी कार्यका लागि बोलपत्र वा ठेक्का प्रस्ताव (Tender) आव्हान गरिएको छ।

**१. कार्य विवरण**
- भवन प्रकारः १ तल्ले RCC भवन
- क्षेत्रफलः लम्बाइ ९० फिट X चौडाइ ४० फिट
- छाना : UPVC Round Roof

**– आवश्यक सेवाः**
१. भवन निर्माण कार्य (RCC भवन १ तल्ले + UPVC Round Roof)
२. प्रदान गरिएको 2D/3D डिजाइन र BOQ अनुसार निर्माण कार्य गर्ने
३. निर्माण स्थलमा कार्यको अनुगमन र Supervison गर्ने
४. आवश्यक सामग्रीको सम्पूर्ण व्यवस्थापन र समयमै काम सम्पन्न गर्ने।

सूचना : **2D/ 3D Design, BID Doucments / BOQ** मुख्य कार्यालय, **नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि., कमल–३, केर्खा झापाबाट प्राप्त गर्न सकिनेछ।**

**२) बोलपत्र सम्बन्धी जानकारी**
- बोलपत्र पेश गर्दा निवेदन र BOQ फारम अनिवार्य बुझाउनु पर्नेछ।
- BOQ फारम शुल्क रु. ३०००।– (दस्तावेज प्राप्त गर्दा फिर्ता नहुनेगरी बुझाउनुपर्नेछ।
- बोलपत्र बुझाउने स्थानः **मुख्य कार्यालय नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि., कमल–३, केर्खा झापा**
- बोलपत्र आव्हान मितिः २०८२।१२।१९
- बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८३।०१।०९
- बोलपत्र खोल्ने मितिः २०८३।०१।१०, १:०० बजे (बोलपत्र बुझाउने कम्पनीको प्रतिनिधि उपस्थित हुन सक्नेछन्, प्रतिनिधिको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै पनि बाधा पर्नेछैन तथा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा भोलिपल्ट सोही समयमा खोलिनेछ।)

**३) शर्तहरु**
१) Quotation पेश गर्दा 2D/3D Design र BOQ अनुसार स्पष्ट विवरण बुझाउनु पर्नेछ।
२) संस्थाले कुनै पनि बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार राख्दछ।

**साविक नामः**
**श्री नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि.**
Phone: 023-475186
Email: navodaya34@gmail.com
web:navodayacoop.com.np

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## शासकीय सुधार अबको गन्तव्य

**जेन–जी विद्रोहको भावना र आदेश अनुसार फागुन २१ मा भएको निर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टीलाई ऐतिहासिक विजयसहितको बलियो सरकारको हैसियतमा पुऱ्याएको छ । झण्डै दुई तिहाई सिटसहित संसदमा प्रवेश गरेको पार्टीले घोषणा मुताबिक बोलेन्द्र शाहलाई प्रधानमन्त्रीको पदमा आसिन गराइसकेको छ भने सरकारले पनि शासकीय सुधारका लागि सरकारको कार्यसूची सार्वजनिक गरेको छ । साढे तीन दशकदेखि अस्थिरताको दुष्चक्रमा फसेको नेपालको राजनीतिलाई नेपाली मतदाताले 'लय'मा टेकाइ दिएका छन् । अब त्यसलाई विधि र पद्धति अनुसार स्थिरता, सुशासन हुँदै देशलाई समृद्धिको यात्रामा हिंडाउनु छ ।**

**नेपालमा प्रजातन्त्रका नाममा त कहिले अझै उन्नत भन्दै लोकतन्त्रका नाममा विभिन्न कालाखण्डमा आन्दोलन भए । दलहरुको अगुवाइलाई नेपाली जनताले साथ र समर्थन पनि दिए । तर, जनअपेक्षा अनुसार न शान्ति र सुव्यवस्था न त भ्रष्टाचारमुक्त शासन प्रणाली नै निर्माण भयो । अन्ततः तिनै नेपालीले यसपटकको निर्वाचन परिवर्तनको पक्षमा मत जाहेर गरे । पुराना भनिएका नेपाली कांग्रेस, नेकपा एमाले जस्ता दलहरुलाई अस्तित्व रक्षा गर्न झण्डै–झण्डै मुस्किल भयो । यस्तो अवस्थामा बनेको सरकारलाई देशको प्रजातान्त्रिक छविलाई स्वच्छ, पारदर्शी, परिपक्व र प्रतिष्पर्धीको उचाइमा पुऱ्याउने अवसर छ । नवपुस्ताको आशा र अपेक्षा पनि यही हो कि देशमा शासकीय सुधार होस्, विधिको शासन चलोस्, बेथितिहरु निर्मूल होऊन् ।**

**रास्वपालाई प्राप्त यसपटकको अभूतपूर्व जनादेश शासकीय सुधार मार्फत देशमा सुशासन र समुन्नति कायम गर्नु हो । यस्तो बेला खासगरी सरकारले विगतका सरकारका सकारात्मक कार्य तथा अभ्यासलाई मूल्यांकन गर्दै नयाँ राजनीतिक संस्कार र संस्कृतिको निर्माण गर्ने अग्रसरता देखाउनुपर्छ । निर्वाचनका माध्यमबाट प्राप्त जनादेश पनि व्यापक सुधारको अपेक्षा नै हो । सरकारले पनि त्यही भावनालाई आत्मसात गर्दै नतिजामुखी काममा ध्यान दिंदै एक महिनाभित्र अध्ययन टोली र कार्यदल गठन गर्ने प्रतबिद्धता जनाएको छ । विगतका सरकारको अक्षमता र सत्ता केन्द्रित स्वार्थका कारण बढेको भ्रष्टाचार, सेवा प्रवाहमा रहेको ढिलासुस्तीलाई चिरेर शासन व्यवस्थालाई पारदर्शी, जवाफदेही र नतिजामुखी बनाउनुपर्छ । यसका लागि सरकारको छायाँका रुपमा रहेको कर्मचारीतन्त्रलाई जिम्मेवार बनाउनुपर्छ । सरकारको प्रतिबिम्बका रुपमा रहेका कर्मचारीलाई स्वस्थ र स्वच्छ बनाएर सेवामुखी शासन व्यवस्थाको यात्रा तय गर्नुपर्छ । यसका लागि सरकारलाई सफलता प्राप्त होस् शुभकामना ।**

# नवनिर्वाचित स्वास्थ्य मन्त्रीलाई एक चिकित्सकको सुझाव



डा. रबिन रेग्मी




नेपालको स्वास्थ्य क्षेत्र सुधार गर्ने यो सही समय हो। नयाँ नेतृत्वसँगै अब स्वास्थ्य प्रणालीमा सानो-सानो टालटुल होइन, दीर्घकालीन, व्यवहारिक र प्रभावकारी सुधारको आवश्यकता छ। अस्पताल भवन थप्दै जानु मात्र स्वास्थ्य सुधार होइन, गुणस्तरीय सेवा, सक्षम जनशक्ति, वैज्ञानिक व्यवस्थापन र जनविश्वास नै वास्तविक सुधारका आधार हुन्।

सबैभन्दा पहिले, हाम्रो स्वास्थ्य प्रणालीले प्रि-हस्पिटल केयर अर्थात् अस्पताल पुग्नुअघि बिरामीले पाउने सेवामा विशेष ध्यान दिनुपर्छ। राम्रोसँग सञ्चालन गरिएका एम्बुलेन्स, तालिम प्राप्त प्यारामेडिक्स, र आकस्मिक अवस्थामा तुरुन्तै जीवनरक्षा गर्न सक्ने जनशक्ति आजको अत्यावश्यक आवश्यकता हो। धेरै ज्यान अस्पताल नपुग्दै वा ढिलो उपचारका कारण गुमिरहेका छन्। त्यसैले देशभरि नै प्रशिक्षित प्यारामेडिक्स, व्यवस्थित एम्बुलेन्स सेवा र मुख्य सार्वजनिक स्थानहरूमा एइडी (Automated External Defibrillator)को उपलब्धता सुनिश्चित गरिनुपर्छ। साथै सीपीआर र आधारभूत फर्स्ट एड तालिम विद्यालयको पाठ्यक्रममै समावेश गरिनुपर्छ, ताकि भविष्यका नागरिकहरू आपत्कालीन अवस्थामा केवल दर्शक होइन, पहिलो सहायक बन्न सकुन्।

सरकारी स्वास्थ्य क्षेत्रतर्फ हेर्दा, अहिलेको जस्तो धेरै साना स्वास्थ्य संस्था छरिएर कमजोर सेवा दिने मोडेललाई पुनर्विचार गर्नुपर्ने देखिन्छ। आज सडक पहुँच पहिलाको भन्दा धेरै राम्रो भएको अवस्थामा ५० किलोमिटर वरिपरि रहेका दश वटा कमजोर अस्पताल वा स्वास्थ्य चौकीभन्दा एउटा क्षेत्रीय अस्पताललाई अत्यन्त शक्तिशाली, स्रोतसाधनयुक्त र विशेषज्ञ सेवायुक्त बनाउनु बढी उपयोगी हुन सक्छ। संख्या मात्रै बढाउने होइन, गुणस्तर बढाउने सोच आवश्यक छ। सीमित तर सशक्त सरकारी स्वास्थ्य संस्था निर्माण गर्दा सेवा प्रभावकारी, जनशक्ति उपलब्ध, उपकरण प्रयोगमैत्री र व्यवस्थापन उत्तरदायी बन्न सक्छ।

स्वास्थ्यकर्मीलाई केवल सेवाभावको नाममा थकित बनाउने होइन, उचित तलब, प्रोत्साहन भत्ता र सम्मानजनक कार्य वातावरण दिनुपर्छ। राम्रो सेवा चाहिने हो भने राम्रो जनशक्ति टिकाउन सक्नुपर्छ। दुर्गम वा चुनौतीपूर्ण क्षेत्रमा काम गर्ने जनशक्तिलाई थप प्रोत्साहन दिनु आवश्यक छ। अस्पतालको सरसफाईलाई पनि सामान्य सहायक कामका रूपमा होइन, पेशेवर क्लिनिङ सेवा मार्फत व्यवस्थापन गर्नुपर्छ। सफा अस्पताल बिरामीको अधिकार हो, सुविधा होइन। अस्पताल सञ्चालनमा अर्को ठूलो कमजोरी भनेको व्यवस्थापन हो। स्वास्थ्य संस्थाको नेतृत्वमा सधैँ चिकित्सक वा प्रशासनिक पहुँच भएको व्यक्ति मात्र होइन, स्वास्थ्य व्यवस्थापनमा शिक्षित र दक्ष व्यक्ति नियुक्त गरिनुपर्छ।

राम्रो उपचारका लागि राम्रो व्यवस्थापन अपरिहार्य हुन्छ। स्वास्थ्य बीमालाई पनि व्यावहारिक र दिगो बनाउन सुधार आवश्यक छ। अहिलेको प्रणालीमा धेरै ठाउँमा अनावश्यक दुरुपयोग, अपुग पहुँच र वित्तीय असन्तुलन देखिन्छ। त्यसैले स्वास्थ्य बीमालाई बलियो बनाउँदै, आर्थिक रूपमा सक्षम व्यक्तिका लागि ओपीडी र परीक्षणमा अनुदान सीमित गरेर सबैका लागि भर्ना उपचार (inpatient care)को भरपर्दो कभरेज सुनिश्चित गर्ने मोडेलतर्फ जान सकिन्छ। जसले साँच्चिकै ठूलो उपचार खर्चबाट परिवारलाई जोगाओस्।

निजी क्षेत्र पनि स्वास्थ्य सेवाको एक महत्त्वपूर्ण आधार हो। त्यसैले निजी अस्पतालहरूलाई केवल नियमन गर्ने होइन, न्यायोचित र उत्तरदायी संरचनामा सञ्चालन गर्न दिनुपर्छ। कम्तीमा १० प्रतिशत बेड निःशुल्क सेवा वा सामाजिक दायित्वका लागि छुट्याउने व्यवस्था हुनुपर्छ। तर त्यो दायित्व पूरा गर्न उनीहरूले पाउने बीमाको रकम समयमै भुक्तानी गरिनु अनिवार्य छ, नत्र सेवा नै प्रभावित हुन्छ। निजी अस्पतालहरूका लागि एउटै दर सबैमा लागू गर्ने प्रणाली न्यायोचित हुँदैन। सेवाशुल्क वा बीमा दर अस्पतालको पूर्वाधार, जनशक्ति, सेवा स्तर र क्षमता हेरेर निर्धारण हुनुपर्छ।

औषधि क्षेत्रमा पनि ठूलो सुधार आवश्यक छ। बिरामीले सस्तो मात्र होइन, गुणस्तरीय जेनेरिक औषधि पाउनुपर्छ। त्यसका लागि उत्पादनदेखि ढुवानी र भण्डारणसम्मको क्वालिटी कन्ट्रोल र ट्रान्सपोर्ट चेन कडाइका साथ लागू हुनुपर्छ। सरकारले आफैं पनि औषधि उत्पादन क्षेत्रमा सक्रिय भूमिका खेल्नुपर्छ, ताकि बजार पूर्णरूपमा निजी स्वार्थमा मात्र निर्भर नहोस्।

सबैभन्दा महत्त्वपूर्ण विषय मध्ये एक हो एन्टिमाइक्रोबियल नीति। सामान्य रोगमा, खतरा संकेत बिना किन उच्चस्तरका एन्टिबायोटिक प्रयोग गर्ने ? यस्तो अभ्यासले भविष्यमा ठूलो एन्टिबायोटिक प्रतिरोधको संकट निम्त्याउँछ। त्यसैले रोग अनुसार अनिवार्य एन्टिमाइक्रोबियल गाइडलाइन लागू गरिनुपर्छ। चिकित्सकले आफ्नो क्लिनिकल अनुभवका आधारमा आवश्यक परे सावधानीपूर्वक फरक निर्णय गर्न सक्ने व्यवस्था रहोस्, तर त्यो पनि उचित कारणसहित होस्। स्वतन्त्रता रहोस्, तर उत्तरदायित्वसहित।

आज नेपाललाई स्वास्थ्य क्षेत्रमा प्रचारमुखी विस्तार होइन, दूरदर्शी पुनर्संरचना चाहिएको छ। भवनभन्दा सेवा, संख्याभन्दा क्षमता, घोषणाभन्दा कार्यान्वयन, र अव्यवस्थाभन्दा प्रणाली चाहिएको छ। नवनिर्वाचित स्वास्थ्य मन्त्रीज्यूले यदि यी आधारभूत विषयहरूमा ध्यान दिन सक्नुभयो भने स्वास्थ्य क्षेत्रमा वास्तविक परिवर्तन सम्भव छ। स्वास्थ्य क्षेत्र सुधार्नु भनेको केवल अस्पताल सुधार्नु होइन, देशको भविष्य सुधार्नु हो।

# सूर्योदयको ऐतिहासिक माने डाँडा



जोस्ना श्रेष्ठ



शताब्दीयौं अघिका संरचनाहरु पछिल्ला पुस्ताका लागि ऐतिहासिक तथा महत्त्वपूर्ण हुन्छन्। तर कहिलेकाहीँ ऐतिहासिक क्षेत्रहरूको पहिचान गर्न ढिला भइरहेको हुन्छ। इलामको सूर्योदय नगरपालिका वडा नं. ८ मा एउटा ऐतिहासिक एवम् पुरातात्विक डाँडा छ। जहाँ शताब्दीयौं अगाडि बनेका ऐतिहासिक 'मानेहरू'छन्। मानेहरु बौद्ध धर्मावलम्बीहरूको धार्मिक आस्था र विश्वासको प्रतिक मानिन्छ। यस माने डाँडा वरपर बस्ती छ। उक्त सुन्दर बस्तीलाई बोलचालको भाषामा 'माने गाउँ' भनिन्छ। माने गाउँलाई 'माने डाँडा' पनि भन्ने गरिन्छ। यस गाउँमा लेप्चा, राई, गुरुङ, मुखिया, क्षेत्री लगायतका जातजातिको बसोबास रहेको छ। पौराणिक र ऐतिहासिक कुराहरू बारेमा थाहा पाउन हामी इतिहासको सहयोग लिन्छौ। इतिहासले वर्तमानमा ऐतिहासिक कुराबारे छर्लङ्ग पारिदिन्छ। तर, कतिपय ऐतिहासिक कुराको यथेष्ट प्रमाण इतिहासमा पनि पाउन मुस्किल हुन्छ।

'माने गाउँ'को कथा पनि त्यस्तै छ। माने गाउँमा भएका यी ऐतिहासिक 'मानेहरू' कहिले, कसको पालामा र किन बनाइएका हुन् भन्ने प्रमाण काँही पनि फेला पर्न नसकेको जानकारहरू बताउँछन्। सूर्योदय नगरपालिका वडा नं. ८ का अध्यक्ष जंगबहादुर गुरुङका अनुसार यी मानेहरू दुई सय वर्ष अगाडिका हुन्, बाहिरबाट व्यापार गर्ने सिलसिलामा शेर्पाहरु यहाँ आएर बास बस्ने गर्दथे, मृत्युपश्चात् उनीहरूको शव गाडिएको स्थान नै 'माने' हो भन्ने बताउँछन्। त्यस्तै माने छेवैमा घर भएका प्रेमबहादुर गुरुङका अनुसार मानेहरू आफ्नो बाबु, बाजेको पालादेखि नै रही आएको र मानेभित्र आफ्ना सन्तान नभएकाहरूले अपुताली सम्पत्ति गाडेर राखेको विश्वास गर्छन्।

स्थानीय कतिपयले यसलाई तीन सय वर्ष अगाडिको हो भन्ने दाबी गर्छन् र त्यसभित्र मानिसको मृत्युपश्चात् मृत शरीरबाट निकालिएको अस्तुसँगै बौद्ध धर्मावलम्बीहरूले बहुमूल्य चीज वस्तुहरु त्यसभित्र गाडेर राखिएको भन्दछन् भने त्यहाँ बसोबास गर्ने लेप्चा जातिहरु यी 'मानेहरू' आफ्नो पूर्खाले निर्माण गरेको दावी गर्दछन्। स्थानीय अग्रज तथा सामाजिक अभियन्ता मानकुमार लेप्चा मानेका बारे आफ्नो धारणा राख्दै भन्छन्- 'शुरुवातमा इलाम जंगल थियो। त्यसबेला त्यहाँ बसोबास गर्ने अरू कुनै जातजाति थिएन। लेप्चा जातिहरु मात्र बसोबास गर्दथे। सोही कुरालाई आधार मानेर पुस्ता गन्ती गर्दा राजा पृथ्वीनारायण शाहको पालातिर त्यहाँ भएका मानेहरू लेप्चाहरुको पूर्खाले निर्माण गरेका हुन्। मानेलाई लेप्चा भाषामा 'छेतेन' भनिन्छ, माने धार्मिक र सांस्कृतिक दुवै हिसाबले महत्त्वपूर्ण मानिन्छ। लेप्चा जातिको लागि 'माने'लाई गुम्बाभन्दा पनि ठूलो मानिन्छ।' तर, दुःखको कुरा यो ऐतिहासिक स्थल माओवादी द्वन्द्वकालमा अज्ञात समूहबाट चोरी भएको थियो। मानेहरू फुटाएर त्यहाँ गाडेर राखिएको बहुमूल्य वस्तुहरू चोरी भएको छ। त्यसपश्चात् पनि यो ऐतिहासिक स्थलको संरक्षण र सम्बर्द्धन गरिनुपर्छ भनेर स्थानीय बासिन्दा, जनप्रतिनिधिको अग्रसरता र पहलमा कोशी प्रदेश सरकारको सहयोगमा यस स्थलको संरक्षण र प्रवर्द्धनको काम भएको छ।

पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न यस क्षेत्रमा सूर्योदय नगरपालिका र कोशी प्रदेश सरकारले २०७९ सालमै एक सय ५० मिटर लामो सीसाको पुल निर्माण कार्य शुरु गरेको थियो। पुल निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ। केही योजना फेरबदल भएकाले निर्माण समय केही पर लम्बिएको बताइन्छ। आफ्नो क्षेत्रको विकास होस्, रोजगारी सिर्जना होस्, स्थानीय उत्पादनले मूल्य तथा बजार पाओस् भन्ने उद्देश्यले यस क्षेत्रका स्थानीयले उक्त सिसाको पुल निर्माणका निमित्त निःशुल्क जग्गा समेत उपलब्ध गराएका छन्। उक्त परियोजना सञ्चालन गर्न सीसाको पुल निर्माणको लागि स्थानीय प्रेमबहादुर गुरुङ, बिर्खबहादुर याखा, चित्रबहादुर गुरुङ, कर्णबहादुर गुरुङ, नरबहादुर गुरुङ, सुवास राई, मानकुमार लाप्चाले करिब तीन रोपनी जग्गा प्रदान गरेका छन्।

साइक्लिङ ट्र्याकको रूपमा निर्माण गरिएको उक्त सीसाको पुल कन्यामबाट माने डाँडा, फिक्कल फेन्सोङ गुम्बा हुँदै अन्तिम गन्तव्य स्वामी पार्क आइतबारे पुर्णे डाँडासम्म बताइएको छ। साइक्लिङ ट्र्याक सीसाको पुल सुचारू भएपछि यस ठाउँमा धेरैभन्दा धेरै पर्यटकहरु भित्र्याउन सकिन्छ भनेर स्थानीय उत्साहित पनि देखिन्छन्। यतिबेला त्यस क्षेत्रमा व्यक्तिगत लगानीमा होटलहरू बनाउने कार्य पनि भइरहेको छ। माने डाँडा अर्थात् माने गाउँ कन्याम र फिक्कलको सिमाना छेउमा, झापा-इलाम मेची राजमार्गमा रहेको शान्तिचोक मास्तिर डाँडामा छ। हाल यस गाउँलाई परिवर्तन नाम शान्तिचोक भनिन् थालिएको छ। स्थानीय कतिपयले ऐतिहासिक नाम माने गाउँ अर्थात् माने डाँडा लोप हुनु नहुने धारणा राख्छन्।

हुन त यस्तै किसिमका ऐतिहासिक मानेहरू सूर्योदय नगरपालिकाभित्र अरू पनि भेटिन्छन्। फिक्कल र बरबोटेमा पनि मानेहरू छन्। ती स्थानहरूलाई पनि स्थानीयहरूले बोलचालको भाषामा माने भन्दछन्। मुलुककै एउटा सुन्दर जिल्लाको सूचीमा पर्ने इलाम प्राकृतिक रूपमा मात्र होइन धार्मिक, सांस्कृतिक र ऐतिहासिक हिसाबले पनि उत्तिकै सुन्दर छ। आन्तरिक र वाह्य पर्यटकको मुख्य रोजाईको गन्तव्य सूर्योदय नगरपालिकाको कन्याम चिया बगान, श्रीअन्तु, हाँस पोखरी, कुटी डाँडा पाथीभरा मन्दिरमा पर्यटकीय मौसममा दैनिक पर्यटकहरूको ठूलो भिड भाड लाग्ने गर्दछ।

सूर्योदय नगरभित्र अन्य धेरै ऐतिहासिक र पुरातात्विक स्थलहरू छन् जुन ओझेलमा नै छन्। त्यहाँ भएका ऐतिहासिक स्थलहरूको खोजी, पहिचान, संरक्षण र प्रवर्द्धनमा स्थानीय बासिन्दा, जनप्रतिनिधि र स्थानीय सरकारको ध्यान पुग्न सके पर्यटकीय स्थलको संख्यामा वृद्धि हुने निश्चित छ। प्राकृतिक, धार्मिक र सांस्कृतिक सुन्दरताले भरिपूर्ण इलामले पर्यटकहरूको मन त लोभ्याउँछ नै त्यहाँको स्थानीय उत्पादन चिया, तरकारी, अकबरे खुर्सानी, दूध, दूधजन्य परिकार छुर्पी, घ्यू, ललीपप समेत आगन्तुक पाहुनाको मुख्य रोजाईमा पर्दछ। घर फर्किदा उनीहरू कोसेलीका रुपमा लिएर जाने गर्दछन्। स्थानीय उत्पादन घ्यू, छुर्पी, चिया र ललीपपको मात्र व्यापार गरेर त्यस क्षेत्रका व्यापारीहरूले लामो समयदेखि जिवीकोपार्जन गरिरहेका छन्।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
आज तपाईको मन प्रशन्न रहला, धन लाभ हुने साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ शुभ खबर सुन्न पाइने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
समय फलदाय रहेको छ, उपहार प्राप्तिको योग छ, आज तपाईको छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
आज तपाईलाई भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग रमाइलो भेटघाट हुने समय रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
बोलिको प्रभावले काम बन्नेछ, इष्टमित्रले साथ दिनेछन्, विशेष कामको योजना बन्नेछ धैर्य गरेर निर्णय लिनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, आज तपाईलाई पैतृक सम्पत्ति प्राप्त हुने योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
व्यापार-व्यवसायमा फाइदाजनक योग छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट मुक्त हुने योग रहेको छ, आजबाट तपाईको नयाँ अवसरको बाटो खुल्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
शुभ दिन रहेको छ, फाइदाजनक काम बन्नेछ, स्वास्थ्य सम्बन्धी समस्याले हटेर जानेछ, पशुचौपायाबाट यथेश्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, आज रचनात्मक काममा मन जानेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर बनेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
स्वास्थ्यले साथ दिने छ शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ, बेलुकीपख शुभ समाचारको योग छ ।

मिति २०८२/१२/१८ बुधबारको
सुनचाँदी मूल्य

छापावाला
सुन प्रति तोला
रु. २९७,६००।-

चाँदी
प्रति तोला
रु. ४,९४५।-

# संक्रमण फैलिएपछि सुनसरीमा कुखुरा नष्ट

**सुनसरी, चैत १८।** सुनसरी जिल्लाका विभिन्न स्थानीय तहमा किसानका कुखुरा फार्ममा बर्डफ्लू संक्रमण फैलिँदै गएको छ ।

जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र इनरुवाका प्रमुख डा. मनोजकुमार महतोका अनुसार सदरमुकाम इनरुवासहित जिल्लाका विभिन्न स्थानका कुखुरा फार्ममा बर्डफ्लू संक्रमण फैलिँदै गएको हो ।

इनरुवा नगरपालिका-२ कुसुमगाछीमा सुमनकुमार राईले पालन गरेका ब्रोइलर कुखुरामा सङ्क्रमण देखिएको उनले जानकारी दिए । इटहरी-१६ स्थित सुमन गोविन्द श्रेष्ठले पालेका स्थानीय जातका कुखुरा र हाँसमा पनि बर्डफ्लू संक्रमण पुष्टि भएको डा. महतोले बताए । जिल्लाका विभिन्न ठाउँमा कुखुरा फार्म परीक्षण गरी केन्द्रीय पशुपंक्षी रोग अन्वेषण प्रयोगशालाबाट रोग पुष्टि गरेसँगै नियन्त्रणका उपाय तीव्र पारिएको उनले बताए ।

संक्रमण फैलिन नदिन फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाइएको छ भने अन्य कुखुरा फार्ममा पनि निगरानी कडा गरिएको डा. महतोले जानकारी दिए । कुखुरामा असामान्य लक्षण देखिएमा तुरुन्त सम्बन्धित निकायलाई जानकारी गराउन तथा वाह्य सम्पर्कबाट कुखुरालाई जोगाउन किसानलाई आग्रह गरिएको उनले बताए । उनले जिल्लामा हालसम्म शंकास्पद लागेका १४ वटा फार्मबाट १९ हजार तीन सय ६५ कुखुरा नष्ट गरिएको बताए ।

## बर्डफ्लू नियन्त्रण सम्बन्धी सचेतना



**पथरीशनिश्चरे, चैत १८।** पथरीशनिश्चरे नगरपालिकाको आयोजनामा बर्डफ्लू (एभियन इन्फ्लुएन्जा) रोग नियन्त्रण सम्बन्धी एकदिने सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

नगरपालिका वडा नं. १ स्थित पथरी बहुमुखी क्याम्पसको सभाहलमा आयोजित कार्यक्रममा बर्डफ्लू रोगको जोखिम, रोकथामका उपाय र जनचेतना अभिवृद्धिमा जोड दिइएको हो ।

कार्यक्रममा बर्डफ्लू रोगको पहिचान, संक्रमणबाट जोगिने उपाय तथा फ्रेस हाउस सञ्चालन गर्दा अपनाउनुपर्ने सावधानीका विषयमा सहभागी नगरभित्रका फ्रेस हाउस सञ्चालकहरूलाई जानकारी दिएका थिए ।

नगरपालिकाका पशु चिकित्सक डा. आशिष देवको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख मोहनप्रसाद तुम्वापो, वडाध्यक्षहरू भीम राई र उद्धवराज बस्नेत, कार्यपालिका सदस्यहरू सीता भूषाल र मञ्जु राई, इलाका प्रहरी कार्यालय पथरीका प्रमुख तुलसीराम अर्याल, नगर प्रहरी प्रमुख योगेन्द्र श्रेष्ठ तथा जनस्वास्थ्य अधिकृत जगतप्रसाद मगर, पशु स्वास्थ्य शाखाका प्राविधिक लक्ष्मी घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङका वरिष्ठ पशु विकास अधिकृत डा. अजयकुमार शाहले सहजीकरण गरेका थिए ।

# आरन र ठेकी बनाउने तालिम



**पथरीशनिश्चरे, चैत १८।** मोरङको पथरीशनिश्चरे वडा नं. ८ ले आरन र ठेकी बनाउने तालिमसहित ठेकी उद्योग अनुदान कार्यक्रम सञ्चालन गरेको छ ।

कार्यक्रममा वडाबासीहरूले परम्परागत रूपमा वर्षौंदेखि पेशा र व्यवसायको रूपमा सञ्चालन गर्दै आएको ठेकी बनाउने, तोङ्बाको भाडा बनाउने लगायत काष्ठजन्य सामग्रीहरु बनाइरहेका सात जना युवा उद्यमीलाई काठ दुलो पार्ने मोटर र आरन सञ्चालन गर्ने युवा उद्यमीलाई आगो फुक्ने विद्युतीय मेसिन र हतियार धार लगाउने विद्युतीय मेसिन वितरण गरिएको छ ।

गत वर्ष पनि वडाले आरन संरक्षण कार्यक्रम अन्तर्गत वडाभित्रका परम्परागत अरु आरनहरुलाई आगो फुक्ने विद्युतीय मेसिन लगायतको सामग्री वितरण गरेको थियो । पथरीशनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्वापोले उक्त तालिमका सहभागीहरुलाई ती मेसिनहरू वितरण गरेका थिए । वडाध्यक्ष नवीन कार्कीको अध्यक्षतामा भएको समापन कार्यक्रममा वडा सदस्यहरुको उपस्थिति रहेको थियो ।

# ‘विद्युतीय चुरोट स्वास्थ्यका लागि जोखिमपूर्ण’



**झापा, चैत १८।** निकोटिनयुक्त भेप वा विद्युतीय चुरोटले फोक्सो तथा मुखको क्यान्सर गराउन सक्ने सम्भावना रहेको एक विस्तृत अध्ययनले देखाएको छ ।

अष्ट्रेलियाको न्यू साउथ वेल्स विश्वविद्यालयका क्यान्सर अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको यस अध्ययनले भेपिङ आफैंमा क्यान्सरको कारण बन्न सक्ने उल्लेख गरेको छ । जुन केवल धुम्रपानतर्फ लैजाने माध्यम मात्र होइन ।

सह-प्राध्यापक बर्नार्ड स्टुअर्टको नेतृत्वमा गरिएको यस अनुसन्धानमा औषधि विज्ञ, महामारी विज्ञ, छाती शल्य चिकित्सक तथा जनस्वास्थ्य विज्ञहरू सहभागी थिए ।

सन् २०१७ देखि २०२५ सम्मका क्लिनिकल अध्ययन, जनावरमा गरिएका परीक्षण र प्रयोगशाला तथ्याङ्कहरूको विश्लेषण गर्दा भेपको धुँवाबाट डीएनए क्षति, अक्सिडेटिभ तनाव, ऊतकमा सूजन तथा मुसामा फोक्सोको ट्युमर देखिएको पाइएको छ । अध्ययनमा भेपको धुँवामा विभिन्न क्यान्सरजन्य रसायनहरू, उडनशील जैविक पदार्थ र तताउने कुण्डलीबाट निस्कने धातुहरू समेत पाइएका छन् ।

अनुसन्धानका सह-लेखक फ्रेडी सितासका अनुसार, धूम्रपान छोड्न भेप प्रयोग गर्ने धेरैजसो व्यक्तिहरू अन्ततः दुवै बानीमा अड्किने गर्छन् । उनका अनुसार, भेप र चुरोट दुबै प्रयोग गर्ने व्यक्तिहरूमा फोक्सोको क्यान्सर हुने जोखिम चार गुणा बढी हुने देखिएको छ ।

यद्यपि यसबाट कति संख्यामा क्यान्सरका घटना हुनेछन् भन्ने कुरा अझै स्पष्ट भइसकेको छैन । किनकि दीर्घकालीन मानव अध्ययन आवश्यक रहेको बताइएको छ । ‘विद्युतीय चुरोट करिब २० वर्षअघि मात्रै प्रयोगमा आएको हो । यसको असर बुझ्न अझ धेरै समय कुर्नु हुँदैन’ -सितासले भने । उनले नियामक निकायलाई धुम्रपानलाई क्यान्सरको कारण मान्यता दिन ढिलो गरिएको इतिहास दोहोरिन नदिन आग्रह गरेका छन् ।

# बन्दी सहायताका बालबालिकालाई ब्याग




**बुट्टाबारी, चैत १८।** राष्ट्र सेवक बचत तथा ऋण सहकारी संस्थाले २७औं स्थापना दिवस मनाएको छ ।

बन्दी सहायता नेपालद्वारा स्थापित एवम् सञ्चालित मनमाया आमा, गङ्गा आमा, जङ्गल गार्डेन ब्वाइज होम र जुनकिरी सार्वजनिक आधारभूत विद्यालय अर्जुनधारा-११ का ३० जना बालबालिकालाई सहकारीले स्कूल ब्याग र स्टेशनरी प्रदान गर्दै स्थापना दिवस मनाएको हो ।

सहकारीले नाफा कमाएको केही प्रतिशत सामाजिक कार्यमा सामाजिक उत्तरदायित्व अन्तर्गत बन्दी गृहमा रहेका बालबालिकालाई स्कूल ब्याग प्रदान गरिएको संस्थाका अध्यक्ष लक्ष्मी गुरागाँईले जानकारी दिए ।

कार्यक्रमका प्रमुख अतिथि संस्थापक देवराज कार्कीले यस संस्था र विद्यालय स्थापनाकालदेखि नजिकबाट हेर्दै आए पनि बालबालिकालाई सहयोग गर्न भने ढिलै भए पनि पाइएकोमा खुशी व्यक्त गरे ।

कार्यक्रममा बन्दी सहायता नेपाल पूर्वाञ्चल शाखा एवम् जुनकिरी विद्यालयका संस्थापक जगतबहादुर मगरले सामाजिक उत्तरदायित्व बहन गर्दै बालबालिकालाई सहयोग गरेको प्रति राष्ट्र सेवक सहकारीलाई धन्यवाद दिए ।

कार्यक्रममा सहकारीका उपाध्यक्ष तेजेन्द्र न्यौपाने, संस्थापक तुलसी भण्डारी, सल्लाहकार डिल्ली दाहाल, कोषाध्यक्ष कृष्ण रुचाल, व्यवस्थापक अनुज खतिवडा लगायतले शुभकामना दिएका थिए । कार्यक्रममा स्वागत तथा सहजीकरण सचिव शेषराज पौडेलले गरेका थिए ।

# कमल मिनी म्याराथुन हुँदै

**कमल, चैत १८।** कमल युथ फाउण्डेशनको आयोजना आगामी २०८३ साल बैशाख १ गते नयाँ वर्षको अवसर पारेर कमल मिनी म्याराथुनको आयोजना गर्न लागिएको पत्रकार सम्मेल मार्फत जानकारी गराएको हो ।

‘हामी युवाको प्रतिबद्धता, लागूऔषध दुर्व्यसनी मुक्त कमल गाउँपालिका’ भन्ने नाराका साथ हुन लागेको म्याराथुन कमल गाउँपालिका-४ सिद्धार्थ चौकबाट शुरु भई वडा नं. २ को समायगढ, क्याम्पा बजार हुँदै वडा नं. ३ को केर्खा बजारमा सम्पन्न हुनेछ । म्याराथुनमा सहभागीले १२ किलोमिटर दुरीको यात्रा तय गर्नुपर्ने हुन्छ ।

पछिल्लो समय कमल गाउँपालिकामा युवाहरु लागूऔषध दुर्व्यसनीतर्फ लागीरहेकोले त्यसलाई न्यूनीकरण गर्दै युवाहरलाई लागूऔषध दुर्व्यसनीबिरुद्ध सचेतना जगाउने, खेलकुद मार्फत युवालाई जोड्नुका साथै एकता भाइचारा र राष्ट्रियता कायम गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको कमल युथ फाउण्डेशनका अध्यक्ष जितेन साङपाङ राईले बताए ।

खेलकुदको माध्यमबाट कमल गाउँपालिकाई चिनाउनुका साथै कमल गाउँपालिकाका युवालाई विभिन्न किसिमका विकृती र विसंगतीमा लाग्न बाट जोगाउने उद्देश्यले पनि प्रतियोगिता आयोजना गर्न लागिएको हो । प्रतियोगितामा कमल गाउँपालिकाका साथै छिमेकी पालिकाबाट समेत सहभागिता रहने कायक्रम संयोजक आशिष लेछर्वोले बताए ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः २० हजार, १५ हजार र १० हजार नगदसहित ट्रफि, मेडल र प्रमाणपत्र पाउने छन् । त्यस्तै टपटेन हुनेले मेडल प्राप्त गर्नुका साथै सहभागी सबैले प्रमाणपत्र पाउने सह-संयोजक चक्र मावोले जानकारी दिए ।

प्रतियोगितामा सहभागी हुन चाहनेले कमल युथ फाउण्डेशनको फेसबुक पेजबाट र एक सय रुपैयाँ तिरेर अनलाइन फर्म भर्न सकिने व्यवस्था समेत रहेको आयोजकले जनाएको छ ।


घरेलु कामदार चाहियो
बिर्तामोड-१ स्थित घरमा खाना बनाउने, घर सफासुग्घर गर्ने, वृद्ध आमाको स्याहार गर्नसक्ने एकजना कर्मचारी तु-चाहियो इच्छुकले सम्पर्क गर्नुहोला ।
फोन नं. : ९७०८८२६९०५

UPVC झ्याल ढोका
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
“सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा’
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

SUNMAI SPRING
‘थोपा-थोपामा जीवन छ’
HACCP ISO 9001:2015 स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

कलर दोकानको रंगिन बहार
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
कलर दोकान
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

वैदेशिक रोजगार
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नुपरेमा सधैँसम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

अब बिर्तामोडमा
डा. पिताम्बर ठाकुर MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

उक्त सबै रोगहरूको तत्काल उपचार
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)